प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**कर्णाली प्रदेश कार्यालय**
वीरेन्द्रनगर सुर्खेत।
सम्पर्क मो नं. ९८५८०२००३३/ ०८३-५२३५४५

## विज्ञहरुको सूची (ROSTER)अध्यावधिक गर्ने सम्वन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशन मिति २०८१।०९।१३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्णाली प्रदेश कार्यालय मातहतका आङ्गिक शिक्षालयहरुको माग वमोजिम आवश्यक विभिन्न पद,तह र श्रेणीमा सेवा करारमा व्यक्ति छनोटको लागि यस कार्यालयवाट मिति २०८१।०९।१३ मा प्रकाशित दरखास्त आव्हान सम्वन्धी सूचना अनुसार पदपूर्ति कार्य कार्यसम्पादन( प्रश्न पत्र निर्माण/उत्तर पुस्तिका परीक्षण/अन्तरवार्ता आदि) गर्न तत् क्षेत्र/विषय संग सम्वन्धित विज्ञहरुको आवश्यकता परेको हुनाले नेपाली नागरिक, नैतिक पतन देखिने फौजदारी अभियोग र भ्रष्टाचारको अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको, सरकारी सेवा वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को अधिकृत स्तरको पदमा कम्तिमा ३ वर्ष काम गरेको बहालवाला स्थायी कर्मचारी वा सम्वन्धित क्षेत्रमा अधिकृत स्तरको पदमा सात वर्ष काम गरेको अनुभव भएका विज्ञहरुले गोपनियता भङ्ग नगर्ने शर्तमा यस कार्यालयको वेवसाइट www.ctevtkarnali.org.np मा रहेको निर्धारित संलग्न ढांचाको कुनै एक विषयको निवेदन सहित आफैले प्रमाणित गरेका आवश्यक कागजपत्रहरु संलग्न गरी यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्रमा यस कार्यालयमा निवेदन दिई विज्ञको रोष्टरमा समावेश भई उक्त कार्यमा सहयोग गरीदिनु हुन अनुरोध छ।

आवश्यक क्षेत्रहरुः

- क. इन्जिनियरिङ्ग ( सिभिल र जियोमेटिक्स)
- ख. कृषि ( पशु विज्ञान र वालि विज्ञान)
- ग. फार्मेसि
- घ. अन्य (भौतिक शास्त्र, गणित, अंग्रेजी भाषा, रशायन शास्त्र आदि)

आवश्यक कागजपत्रहरुः

१.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

२.शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।

३.कार्य अनुभवको प्रमाणित प्रतिलिपी।

४.व्यावसायिक परिषद् दर्ता प्रमाणपत्र प्रतिलिपी (आवश्यक पदमा)।

मितिः २०८१/०९/....

श्रीमान् निर्देशक ज्यू,
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्णाली प्रदेश कार्यालय,
वीरेन्द्रनगर, सुर्खेत।

## विषयः प्रश्न पत्र निर्माणको लागि विज्ञको सूचिमा समावेश गरी पाऊँ।

महोदय,
उपर्युक्त सम्वन्धमा त्यस कार्यालयद्धारा मिति २०८१।०९।१३ मा प्रकाशित सूचना अनुसार तपसिलको विषयको प्रश्नपत्रहरु निर्माण गर्न म आफू इच्छुक रही प्रचलित कानुन वमोजिम गोपनियतालाई पूर्ण सुरक्षित गर्दै सो को मर्यादामा कुनै आँच आउन दिनेछैन/गर्नेछैन भनि स्वंघोषणाको कवुलियतनामा सहित देहाय वमोजिमका कागजातहरु राखी आफ्ना विवरणहरु उल्लेख गरी प्रश्न पत्र निर्माण गर्नका लागि विज्ञको सूचिमा समावेश गरी पाउ भनि यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरुः
१.नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
२.शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।
३.कार्य अनुभवको प्रमाणित प्रतिलिपी।
४. व्यावसायिक परिषद् दर्ता प्रमाणपत्र प्रतिलिपी (आवश्यक पदमा)।
५.गोपनियता भङ्ग नगर्ने स्वंघोषणा पत्र।

| शैक्षिक योग्यता | कार्य अनुभव | प्रश्न पत्र निर्माण गर्न चाहेको विषय | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

नामथरःनेपाली/अंग्रेजी
स्थायी ठेगानाः
मोवाइल नं.
स्थायी लेखा नं.
वैकको खाता नं.
दस्तखतः

मितिः २०८१/०९/...

श्रीमान् निर्देशक ज्यू,
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
कर्णाली प्रदेश कार्यालय वीरेन्द्रनगर, सुर्खेत।

## विषयः अन्तरवार्ताको लागि विज्ञको सूचिमा समावेश गरी पाऊँ।

महोदय,

उपर्युक्त सम्वन्धमा त्यस कार्यालयद्धारा मिति २०८१।०९।१३ मा प्रकाशित सूचना अनुसार तपसिलको विषयको प्रश्नपत्रहरु निर्माण गर्न म आफू इच्छुक रही प्रचलित कानुन वमोजिम गोपनियतालाई पूर्ण सुरक्षित गर्दै सो को मर्यादामा कुनै आँच आउन दिनेछैन/गर्नेछैन भनि स्वंघोषणाको कवुलियतनामा सहित देहाय वमोजिमका कागजातहरु राखी आफ्नो विवरणहरु उल्लेख गरी अन्तरवार्ताको लागि विज्ञको सूचिमा समावेश गरी पाऊँ भनि यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरुः

१.नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

२.शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

३.कार्य अनुभवको प्रमाणित प्रतिलिपी

४. व्यावसायिक परिषद् दर्ता प्रमाणपत्र प्रतिलिपी (आवश्यक पदमा)।

५. गोपनियता भङ्ग नगर्ने स्वंघोषणा पत्र

| शैक्षिक योग्यता | कार्य अनुभव | अन्तरवार्ता लिन चाहेको विषय | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

नामथरःनेपाली/अंग्रेजी

स्थायी ठेगानाः

मोवाइल नं.

स्थायी लेखा नं.

वैकको खाता नं.

दस्तखतः